# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः १० मितिः २०७७/१२/६

## भाग-२

## मध्यम (ग वर्ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# मध्यम (ग वर्ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

स्वीकृत मिति २०७७/१२/६

प्रमाणिकरण मितिः २०७७/१२/६

## १. पृष्ठभूमि :

विकासको मूल प्रवाहमा आउन नसकेका अति विपन्न तथा श्रोतमा पहुँच नपुगेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी/जनजाती, सिमान्तकृत वर्ग, पिछडा वर्ग, दलित, मुस्लिम समुदायको जीवनस्तरमा सुधार ल्याउने अभिप्रायले लक्षित वर्ग उत्थान, सशक्तीकरण एवं सामाजिक समावेशिकरण कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको छ। अपाङ्गता भएका व्यक्तिहरुलाई विकासका हरेक कृयाकलापहरुमा समाहित गर्दै उनीहरुको सम्मान पूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न विभिन्न गतिविधिहरु सञ्चालन गर्दै आएको छ।राज्यले पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्ग भएका व्यक्तिहरुलाई स्वास्थ्य सेवाका साथै मासिक रुपमा सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्दै आएको छ ।यस्तो सुविधाबाट हालसम्म वञ्चित रहेका भरतपुर महानगर भित्रका सबै वडामा रहेका मध्यम (ग वर्ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बिमा गर्ने कार्यक्रमलाई महत्वका साथ अगाडि बढाउन र कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले मध्यम (ग वर्ग) अपाङ्गताको परिचय पत्र प्राप्त व्यक्ति एवं परिवारका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन मापदण्ड,२०७७ तयार गरिएको छ ।

## २. उद्देश्य :

२.१ मध्यम वर्गको अपाङ्गता भएका व्यक्ति लगायत परिवारका ५ जना सदस्यसम्म निःशुल्क स्वास्थ्य बिमाको सुनिश्चितता भएको हुने ।

२.२ मध्यम वर्गको अपाङ्गगता भएका व्यक्ति एवमं नीजका परिवारका सदस्यहरुलाई सामाजिक सुरक्षाको प्रत्याभुति गराउने ।

२.३ मध्यम वर्गको अपाङ्गता भएका व्यक्तिहरुको आत्म सम्मानमा वृद्धि तथा सहज स्वास्थ्य उपचार पाउने अधिकारको सुनिश्चित गर्ने ।

**३. आधारहरु :**

३.१ स्वास्थ्य बिमा सुविधा लिनका लागि महानगरले प्रदान गरेको मध्यम वर्गको अपाङ्गताको परिचय पत्र प्राप्त गरेको व्यक्ति हुनुपर्ने ।

३.२ साविक महिला तथा बालबालिका कार्यलयबाट लिइएको परिचय पत्र भएमा भरतपुर महानगरपालिकाको महिला बालबालिका तथा समाजकल्याण शाखामा जम्मा गरी महानगरबाट जारी गरिएको परिचय पत्र लिनुपर्ने ।

**४. प्रकृया :**

४.१ मध्यम वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य बिमा सेवाका वारेमा निवेदन पेश गर्न स्थानीय पत्रपत्रिका एवं एफ.एम. रेडियोहरु मार्फत प्रचार प्रसार गराइने छ ।

४.२ महानगरपालिकाको क्षेत्रभित्र स्थायी वसोवास गर्ने मध्यम वर्गको अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो परिवारका कम्तिमा पाँच जना सम्म परिवारका सदस्यको स्वास्थ्य बिमाका लागि सम्बन्धित वडाका बिमा परिचालक मार्फत बिमा गरेको रसिद, परिवारको नामावली साथै अपाङ्गता परिचय पत्रको प्रतिलिपी समेत राखी सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने ।

४.३ सम्बन्धित वडा कार्यलयमा बिमा परिचालकले विमितका निवेदन सङ्कलन गरी वडाको सिफारिस सहित महानगरपालिकाको महिला, बालबालिका तथा समाजकल्याण शाखामा पठाउनु पर्नेछ ।

प्रमुख

**५. विविध :**

मध्यम वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गर्ने व्यक्तिले सरकारी/अर्धसरकारी एवम् शिक्षण संस्थामा कार्यरत रही मासिक पारिश्रमिक/पेन्सन सुविधा प्राप्त गरिरहेकाको हकमा यो सुविधा उपलब्ध गराईने छैन ।

आज्ञाले

.....................

महेन्द्र प्रसाद पौडयाल

नि.प्रमुख प्रशासकीय अधिकृत